## आन्तरिक राजस्व विभाग

### आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८८क. र ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी तथा दफा ९५क. बमोजिम अग्रिम कर असुली सम्बन्धी व्यवस्था

### (आ.व. २०८०/८१)

| आकर्षित हुने दफा | भुक्तानीमा कर कट्टी हुने भुक्तानी | भुक्तानीमा कर कट्टीको दर % |
|---|---|---|
| दफा ८७ को उपदफा (१) | रोजगारीको आय (पारिश्रमिक) | अनुसूची-१ को दफा १ मा तोकिएको दरले |
| दफा ८८ को उपदफा (१) | नेपालमा स्रोत भएको निकायको लागि ब्याज भुक्तानी | १५ |
| दफा ८८ को उपदफा (१) | प्राकृतिक स्रोत, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री बोनस, अवकाश भुक्तानी आदि। | १५ |
| दफा ८८ को उपदफा (१) | बैठक भत्ता, पटके रूपमा गरिएको अध्यापन गराए बापत, प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरे बापतको भुक्तानी | १५ |
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (१) | नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएको योगदानमा आधारित अवकाश भुक्तानीबाट रू.५,००,०००/- वा भुक्तानी रकमको ५० प्रतिशतमध्ये जुन बढी हुन्छ सो घटाई बाँकी रहने भुक्तानी | ५ |
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (२) | बासिन्दा रोजगार कम्पनीले गैर बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको कमिशन | ५ |
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (३) | वायुयानको लिज (पट्टा) बापतको रकम भुक्तानी | १० |
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (४) | मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा वा मूल्य अभिवृद्धि कर छुटको कारोबार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्क | १.५ |
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (५) | बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी | १० |

| | | |
|---|---|---|
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (५)(क) | मूल्य अभिवृद्धि करमा दर्ता भई सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई त्यस्तो सवारी साधनको भाडा बापत भुक्तानी गर्ने रकममा | १.५ |
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (६) | सामुहिक लगानी कोष (म्यूचुअल फण्ड) बाट वितरण गरिने प्रतिफल<br>-प्राकृतिक व्यक्तिलाई<br>-अन्य व्यक्तिलाई | <br><br>५<br>१५ |
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (७) | बासिन्दा व्यक्तिले भू उपग्रह, ब्याण्डविथ, अप्टिकल फाइवर, दूरसञ्चार सम्बन्धी उपकरण वा विद्युत प्रशारण लाइन प्रयोग गरे बापतको भुक्तानी | १० |
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (८) | ढुवानी सेवा बापतको तथा ढुवानी साधन भाडामा दिए बापतको भुक्तानी रकम<br>**तर मूल्य अभिवृद्धि करमा दर्ता भई ढुवानी सेवा प्रदान गर्ने वा ढुवानी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई भुक्तानी गर्ने रकम** | २.५<br><br>**१.५** |
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (९) | बासिन्दा बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको क्षेत्रमा लगानी गर्न विदेशी बैंक वा अन्य वित्तीय संस्थाबाट विदेशी मुद्रामा ऋण बापतको ब्याज भुक्तानी | १० |
| **दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (९क)** | **संवत् २०८२ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न हुने दुई सय मेगावाटभन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत आयोजनाले विदेशी बैङ्क वा अन्य विदेशी वित्तीय संस्थाबाट विदेशी मुद्रामा लिएको ऋण बापतको ब्याज भुक्तानी** | **५** |
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (११) | विदेशी विद्यालय वा विश्वविद्यालयलाई रजिष्ट्रेशन शुल्क, शिक्षण शुल्क तथा परीक्षा शुल्क बापतको भुक्तानी | ५ |
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (१२) | बासिन्दा बैङ्क तथा वित्तीय संस्थाले जीवन बीमा कम्पनीलाई निक्षेप बापत भुक्तानी गरेको ब्याज | ५ |
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (१३) | साहित्यिक लेख वा रचना बापत बासिन्दा व्यक्तिलाई रोयल्टी भुक्तानी | १.५ |

| | | |
|---|---|---|
| दफा ८८ को उपदफा (२) को खण्ड (क) | बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको लाभांश भुक्तानीमा | ५ |
| दफा ८८ को उपदफा (२) को खण्ड (ख) | बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको लगानी बीमाको लाभ भुक्तानीमा | ५ |
| दफा ८८ को उपदफा (२) को खण्ड (ग) | बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको स्वीकृति नलिएको अवकाश कोषबाट लाभको भुक्तानीमा | ५ |
| **दफा ८८ को उपदफा (३)** | नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको हकमा बासिन्दा बैंक, वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुन बमोजिम सूचिकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेन्चर तथा सरकारी बण्ड बापत भुक्तानी गर्ने ब्याज | **६** |
| दफा ८८क. को उपदफा (१) | आकस्मिक लाभ बापतको भुक्तानीमा | २५ |
| दफा ८९ को उपदफा (१) | ठेक्का वा करार बापत रू.५०,०००/- भन्दा बढी रकमको भुक्तानीमा | १.५ |
| दफा ८९ को उपदफा (३)(क) | गैर बासिन्दा व्यक्तिलाई भुक्तानी हुने ठेक्का वा करारमा | ५ |
| दफा ८९ को उपदफा (३) को खण्ड (ख) | गैर बासिन्दा बीमा कम्पनीलाई भुक्तानी हुने प्रिमियम वा गैर बासिन्दा बीमा कम्पनीबाट पुनर्बीमा बापत प्राप्त हुने प्रिमियम रकमबाट दिइने कमिशन | १.५ |
| दफा ८९ को उपदफा (३) को खण्ड (ग) | गैर बासिन्दा व्यक्तिलाई हुने अन्य भुक्तानी | विभागले लिखित सूचना दिए बमोजिम |
| दफा ८९ को उपदफा (३क) | उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँभन्दा बढीको भुक्तानी | १.५ |
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (५) को खण्ड(ख) | प्राकृतिक व्यक्तिले घर बहाल बापत प्राप्त गरेको रकममा | कर कट्टी गर्नु नपर्ने |
| दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (१०) | उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा प्रचलित कानुन बमोजिम भुक्तानी कार्ड, इ-मनी (वालेट), मोबाइल बैंकिङ्ग जस्ता विद्युतीय भुक्तानीका उपकरणबाट भुक्तानी गरे बापत प्रदान गरिने प्रोत्साहन रकममा | कर कट्टी गर्नु नपर्ने |

| | | |
|---|---|---|
| दफा ८८ को उपदफा (४) को खण्ड (क) | प्राकृतिक व्यक्तिले गरेको व्यवसाय सञ्चालनसँग सम्बन्धित बाहेकका अन्य कुनै भुक्तानी | कर कट्टी गर्नु नपर्ने |
| दफा ८८ को उपदफा (४) को खण्ड (क१) | पत्रपत्रिकामा प्रकाशित लेख रचना बापतको भुक्तानी | कर कट्टी गर्नु नपर्ने |
| दफा ८८ को उपदफा (४) को खण्ड (ख) | बासिन्दा बैंक वा अरु बासिन्दा वित्तीय संस्थालाई तिरेको ब्याज | कर कट्टी गर्नु नपर्ने |
| दफा ८८ को उपदफा (४) को खण्ड (ख१) | सहकारी बैङ्क तथा सहकारी संघ संस्थाले एक आपसमा ऋण लगानी बापत तिरेको ब्याज | कर कट्टी गर्नु नपर्ने |
| दफा ८८ को उपदफा (४) को खण्ड (ग) | कर छुट पाएको भुक्तानी | कर कट्टी गर्नु नपर्ने |
| दफा ८८ को उपदफा (४) को खण्ड (घ) | क्रेडिट कार्ड जारी गर्ने बैंकलाई तिरेको इण्टररिजनल इण्टरचेन्ज शुल्क | कर कट्टी गर्नु नपर्ने |
| दफा ८८क. को उपदफा (२) | साहित्य, कला, संस्कृति, खेलकुद, पत्रकरिता, विज्ञान, प्रविधि तथा सार्वजनिक प्रशासन क्षेत्रमा योगदान पुऱ्याए बापत प्राप्त हुने राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका पाँच लाख रुपैयाँसम्मको पुरस्कार | कर कट्टी गर्नु नपर्ने |
| दफा ९५क. को उपदफा (१) | कमोडिटी फ्यूचर मार्केट अन्तर्गत व्यापार गर्ने व्यक्तिबाट सो व्यवसायबाट प्राप्त गर्ने मुनाफा र लाभमा कमोडिटी फ्युचर मार्केट सेवा सञ्चालन गर्ने निकायले असुल गर्नुपर्ने अग्रिम कर | १० |
| दफा ९५क. को उपदफा (२) को खण्ड (क) | नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको भुक्तानी वासिन्दा प्राकृतिक व्यक्तिको हकमा तीनसय पैंसठ्ठी दिनभन्दा बढी अवधि स्वामित्वमा रहेको हितको लाभ रकममा | ५ |
| दफा ९५क. को उपदफा (२) को खण्ड (क) | नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको भुक्तानी वासिन्दा प्राकृतिक व्यक्तिको हकमा तीनसय पैंसठ्ठी दिन वा सो भन्दा कम अवधि स्वामित्वमा रहेको हितको लाभ रकममा | ७.५ |
| दफा ९५क. को उपदफा (२) को खण्ड (क) | नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट बासिन्दा निकायले प्राप्त गरेको लाभको भुक्तानीमा | १० |
| दफा ९५क. को उपदफा (२) को खण्ड (क) | नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट अन्यले प्राप्त गरेको लाभको भुक्तानीमा | २५ |
| दफा ९५क. को उपदफा (२) को खण्ड (ख) | नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हितको निःसर्गबाट बासिन्दा प्राकृतिक व्यक्तिले प्राप्त गरेको लाभको भुक्तानीमा | १० |

| | | |
|---|---|---|
| दफा ९५क. को उपदफा (२) को खण्ड (ख) | नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हितको निःसर्गबाट बासिन्दा निकायले प्राप्त गरेको लाभको भुक्तानीमा | १५ |
| दफा ९५क. को उपदफा (२) को खण्ड (ख) | नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हितको निःसर्गबाट अन्यले प्राप्त गरेको लाभको भुक्तानीमा | २५ |
| दफा ९५क. को उपदफा (५) को खण्ड (क) | प्राकृतिक व्यक्तिको जग्गा वा निजी भवन निःसर्ग बापत भएको पुँजीगत लाभमा सम्पत्तिको स्वामित्व पाँच वर्ष वा सो भन्दा बढी भएकोमा | ५ |
| दफा ९५क. को उपदफा (५) को खण्ड (ख) | प्राकृतिक व्यक्तिको जग्गा वा निजी भवन निःसर्ग बापत भएको पुँजीगत लाभमा सम्पत्तिको स्वामित्व पाँच वर्षभन्दा कम भएकोमा | ७.५ |
| दफा ९५क. को उपदफा (६) | दफा ९५क. को उपदफा (५) मा लेखिएदेखि बाहेक अन्य कुनै व्यक्तिको स्वामित्वको जग्गा वा भवन निःसर्ग भएको मूल्यमा | १.५ |
| दफा ९५क. को उपदफा (६क) | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई भाषा परीक्षा तथा मानकीकृत परीक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बासिन्दा बैंक वा वित्तीय संस्थाले त्यस्तो परीक्षा शुल्क बापतको रकममा विदेशी मुद्राको सटही सुविधा दिएको | १५ |
| **दफा ९५क. को उपदफा (६ख)** | व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक व्यक्तिले नेपाल बाहिर सफ्टवेयर वा यस्तै प्रकृतिको अन्य विद्युतीय सेवा उपलब्ध गराए बापत विदेशी मुद्रामा भुक्तानी प्राप्त गरेको भए सम्बन्धित बैङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकममा | **५** |
| **दफा ९५क. को उपदफा (६ग)** | व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक व्यक्तिले व्यक्तिगत रुपमा नेपाल बाहिर परामर्श सेवा प्रदान गरे बापत विदेशी मुद्रामा कुनै भुक्तानी प्राप्त गरेको भएमा सम्बन्धित बैङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकममा | **५** |
| **दफा ९५क. को उपदफा (६घ)** | व्यवसाय सञ्चालनमा संलग्न नरहेको बासिन्दा प्राकृतिक व्यक्तिले सामाजिक सञ्जालमा श्रब्यदृश्य सामग्री अपलोड गरे बापत विदेशी मुद्रामा भुक्तानी प्राप्त गरेको भएमा सम्बन्धित बैङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकममा | **५** |
| **दफा ९५क. को उपदफा (६ङ)** | **बासिन्दा विद्युतीय व्यापार सञ्चालक (इ-कमर्श अपरेटर) ले आफ्नो प्लेटफर्ममा आबद्ध भई कुनै वस्तु, सेवा वा वस्तु र सेवा प्रदान गर्ने व्यक्तिलाई वस्तु, सेवा वा वस्तु र सेवा बिक्री बापतको रकम** | **१** |

| | | |
|---|---|---|
| | **भुक्तानी गर्दा** | |
| दफा ९५क. को उपदफा (७) | व्यापारिक प्रयोजनको लागि पैठारी हुने भन्सार दरबन्दीको भाग १ मा पर्ने राँगा, भैसी, खसी, बोका, भेडा, च्याङग्रा, भाग ३ मा पर्ने जीवित, ताजा तथा हिमिकृत गरिएको माछा, भाग ६ मा पर्ने ताजा फुलहरु, भाग ७ मा पर्ने ताजा तरकारी, आलु, प्याज, सुख्खा तरकारी, लसुन, बेबी कर्न र भाग ८ मा पर्ने ताजा फलफुलहरूमा भन्सार प्रयोजनको लागि कायम मूल्यमा | ५ |
| | भाग २ को मासु, भाग ४ को दूधजन्य पदार्थ, अण्डा, मह, भाग १० को कोदो, फापर, जुनेलो, चामल, कनिका, भाग ११ को मैदा, आँटा तथा पिठो, भाग १२ को जडिबुटि, उखु र भाग १४ को बनस्पतिजन्य उत्पादनमा | २.५ |
| | **तर दफा ९५क. को उपदफा (७) बमोजिमका वस्तुमध्ये मूल्य अभिवृद्धि कर लाग्ने वस्तु पैठारीमा** | **१.५** |

## अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी (दफा ९२)

देहायका भुक्तानीलाई अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी मानिनेछः

(क) बासिन्दा कम्पनी वा साझेदारी फर्मले भुक्तानी गरेको लाभांश,

(ख) व्यवसाय सञ्चालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र सोसँग गाँसिएका जडानहरु र उपकरणहरु बापत भुक्तानी गरेको भाडा,

(ग) बासिन्दा व्यक्तिले लगानी बीमा बापत भुक्तानी गरेको लाभ,

(घ) बासिन्दा व्यक्तिले तिरेको स्वीकृति नलिएको अवकाश कोषको हित बापत भुक्तानी गरेको लाभ,

(ङ) दफा ८८ को उपदफा (३) मा उल्लिखित बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुन बमोजिम सूचीकृत भएका कम्पनी वा सहकारीले भुक्तानी दिएको देहाय बमोजिमको ब्याजः

(१) नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको,
(२) दफा २ को खण्ड (ध) बमोजिमको कर छुट पाउने संस्थालाई भुक्तानी गरेको।

(च) दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम गैर बासिन्दा व्यक्तिलाई दिइएको कर कट्टी हुनुपर्ने भुक्तानी।

(छ) नेपाल सरकार वा स्वीकृत अवकाश कोष वा स्वीकृति नलिएको अवकाश कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानी समेत सबै प्रकारका अवकाश भुक्तानी (नियमित रूपमा भुक्तानी हुने निवृत्तभरण बाहेक),

(ज) प्रति बैठक बीस हजार रुपैयाँसम्मको बैठक भत्ता, पटके रूपमा अध्यापन गराए बापत, प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरे बापतको भुक्तानी,

(झ) आकस्मिक लाभ बापतको भुक्तानी,

(ञ) सामूहिक लगानी कोष (म्युचुअल फण्ड) बाट प्राकृतिक व्यक्तिलाई वितरण गरिने प्रतिफल रकम।

(ट) एकलौटी फर्म बाहेकका प्राकृतिक व्यक्तिको सवारी वा ढुवानी साधनको भाडा वा ढुवानी सेवा बापतको भुक्तानी।

****